(आ.व. २०८१/०८२) बैठक नं.

आज मिति २०८२ साल असार २२ गते आइतवारका दिन हरिपुर नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क स | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल बिक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८५।०३।२२ गते

## प्रस्ताव

१. पूर्व निर्णयको समीक्षा सम्वन्धमा ।
२. परामर्श सेवाको रकम भुक्तानी सम्वन्धमा ।
३. डि.पि.आर. को रकम भुक्तानी सम्वन्धमा ।
४. सम्झौता भएका योजनाको म्याद थप सम्वन्धमा ।
५. रकम भुक्तानी सम्वन्धमा ।
६. जडिबुटी, जिवजन्तु तथा कवाडी सकलन तथा निकासी कर को दर रेट निधारण सम्बधमा ।
७. स्वास्थ्य कर्मीको फिल्ड भत्ता रकम भुक्तानी सम्वन्धमा ।
८. ईन्धनको रकम भुक्तानी सम्वन्धमा ।
९. साउण्ड सिस्टम बाजा खरिद सम्वन्धमा ।
१०. हरिपुर नगरपालिकाको शिक्षा योजना स्वीकृत गर्ने सम्वन्धमा।
११. साझेदारीमा भवन निर्माणको लागि छनौटमा परेको श्री रामलगन मा वि मा भौतिक निर्माणका लागि अनुदान निकासा सम्बन्धमा ।
१२. विविध सम्वन्धमा ।

- निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समीक्षा गर्दै उक्त निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धीत विषयगत शाखा एबं वडा कार्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ मा छलफल गर्दा यस नगरपालिकाबाट देहाय अनुसारको परामर्श सेवा लिए बापत देहाय अनुसारको परामर्श सेवा कर्ताले पेश गरेको प्रतिवेदन स्वीकृत गरी परामर्श सेवा कर्तालाई देहाय अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | परामर्श सेवा कर्ताको नाम | ठेगाना | नगरपालिकाले परामर्श सेवा लिएको विषय | सम्झौता अनुसार रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | डि.वि. कन्सल्टयान्स | बानेश्वर, काठमाण्डौ | आवधिक योजना निर्माण कार्य | सम्झौता बमोजिम | |
| २ | सेन्टरफर रिजिलियन्स एण्ड डेभलपेमेन्ट प्रा.लि. | मध्यपुर ठिमी, भक्तपुर | आर्थिक सर्वेक्षण प्रतिवेदन कार्य | सम्झौता बमोजिम | |
| ३ | हेल्पींग हयाण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा.लि. | मध्यपुर ठिमी-३, भक्तपुर | ५ बर्षे नगर शिक्षा योजना निर्माण | सम्झौता बमोजिम | |
| ४ | डि.ए.भी. ईन्जिनियरिंग एण्ड कन्सल्टेन्ट प्रा.लि. | हरिपुर-२ | हरिपुर नगरपालिकाको स्थानीय रोजगार रणनीति निर्माण | सम्झौता बमोजिम | |

मिति २०८२।०३।२२ गते

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका कार्यालयवाट देहाय अनुसारको डि.पि.आर. सेवा लिए वापत देहाय अनुसारको डि.पि.आर.कर्ताले पेश गरेको प्रतिवेदन स्वीकृत गरी डि.पि.आर.कर्तालाई देहाय अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | डि.पि.आर. कर्ताको नाम | ठेगाना | नगरपालिकाले डि.पि.आर. सेवा लिएको विषय | सम्झौता अनुसार रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रनिस डिजाइन एण्ड बिल्ट प्रा.लि. | भिमसेनगोला-३१, काठमाण्डौ, नेपाल | प्रशासनीक भवन हरिपुर नगरपालिका, सर्लाही | सम्झौता बमोजिम | |
| २ | एस.बि.एस. एसोसिएटस प्रा. लि. | शान्तीनगर, काठमाण्डौ | पोखरीको सौन्दर्यकरण हिर्डिवारणी पोखरी हरैया | सम्झौता बमोजिम | |
| ३ | गोल्डेन ईन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि. | ललितपुर-२१, पाटनढोका, नेपाल | कोल्डस्टोर विल्डिंग हरिपुर नगरपालिका-७ | सम्झौता बमोजिम | |
| ४ | इरिकम बिल्डर्स प्रा.लि. | बुद्धनगर, काठमाण्डौ | पच्छगछिया र चिताइन बृहत खानेपानी योजनाको विस्तृत परियोजना प्रतिवेदन | सम्झौता बकमोजिम | |

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिकाको चालु आ.व. २०८१।०८२ को योजना र जिम्मेवारी सारेको योजनाहरुको सम्झौता भई कार्य सम्पन्न भएको र भुक्तानी लिन बाँकी योजनाहरु म्याद थप २०८२ असार २४ गते सम्म योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ३ को वराविल कार्यक्रमको रकम रु. १,००,०००।०० र वडा नं. ९ पिडारीको धर्मसंस्कृति कार्यक्रम अन्तर्गत वडादंशैको खर्च रकम रु. १,००,०००।०० भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिकामा राजश्व परामर्श समितिको मिति २०८२।०३।१८ गतेको निर्णयानुसार आ.व. २०८२।०८३ को लागी यस नगरपालिकाले आन्तरिक आय वृद्धि गर्ने हेतुले मिति २०८१।०३।०१ गते जडिबुटी, जिवजन्तु तथा कवाडी संकलन तथा निकासी करको ठेक्का आव्जान गदा सो ठेक्का सारभूत रुपमा प्रभावग्राही भएको र सो ठेक्काको दररेट निर्धारण गर्न आर्थिक ऐन २०८२ को दफा ६ अनुसार अनुसूची-१७ जडिबुटी, जिवजन्तु तथा कवाडी सकलन तथा निकासी करको दर रेट कायम गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत संचालित स्वास्थ्य संस्थाहरुबाट खोप क्लिनिक संचालन गरेवापत प्रत्येक सेसन वाइज रु. ४००।०० का दरले फिल्डमा खटिएका स्वास्थ्यकर्मीहरुलाई यस

मिति २०८२।०३।२२ गते

नगरपालिकाको १३ औं नगरसभाको संघीय सशर्त तर्पका चालुगत खर्चको पेज नं. ५४ को सि.नं. ११ मा रहेको स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौंकी प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी अनुसारको तलव महंगी भत्ता र पोसाक भत्ता शिर्षकबाट विनियोजित रकम रु. ३,९८,३०,०००।०० मध्येबाट रकम रु. २,४०,०००।०० भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस नगरपालिका वडा नं. २ को हात्तिसारमा निर्माण हुन गईरहेको रवी रंगशालामा रंगशाला निर्माणका लागि नगरपालिकाको गाडी प्रयोग गरी माटो भर्ने र सम्याउने कार्य भएको हुँदा उक्त कार्यमा खर्च ईन्धन वापतको रकम रु. २,४८,२९२।६८ खर्च भएको रकम रमेश आएल स्टोर्स, हरिपुर न.पा.-४ हरैया, सर्लाहीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस हरिपुर नगरपालिका वडा नं. ४ मा रहेको नेपाल मानव धर्म सेवा समिति हरैया शाखालाई साउण्ड सिस्टम बाजा सहित खरिद गर्न यस नगरपालिकाको १३ औं नगरसभाको चालुगत खर्चको पेज नं. ४८ को सि.नं. १२७ मा अन्य संस्था सहायताको खर्च शिर्षक नं. २५३१५ मा रकम रु. ५,००,०००।०० विनियोजन भएको रकमबाट रु. ४५,०००।०० साउण्ड सिस्टम बाजा सहित खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं १० माथि छलफल गर्दा यस नगरपालिकाको शैक्षिक गतिविधी व्यवस्थित रुपमा सञ्चालन गर्न ,सबै किसिमका बालबालिकाको पँहुच विद्यालयमा पुर्याउन तथा अनिवार्य एवम् निशुल्क शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै यस नगरपालिकाको शैक्षिक अवस्थामा सुधार गरी गुणस्तरीय सामुदायिक शिक्षा पाउने नागरिकको अधिकारलाई सुनिश्चित गर्ने उद्देश्यले यस नगरपालिकाले निर्माण गरेको हरिपुर नगरपालिकाको शिक्षा योजना २०८२-०८६ को अन्तिम मस्यौदा उपर योजना निर्माण कार्यदल एवम् सरोकारवालाहरुको वीचमा छलफल भई आइसकेकोले उक्त मस्यौदा बमोजिमको शिक्षा योजना स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं ११ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं ९ मा सञ्चालनमा रहेको सामुदायिक विद्यालय श्री रामलगन माध्यमिक विद्यालय आ व २०८१। ०८२ मा स्थानीय तहका लागि सशर्त अनुदानमा वित्तीय हस्तान्तरण भई आएको साझेदारीमा भौतिक निर्माण कार्यक्रमको लागि छनौट भई यस नगरपालिकाबाट स्वीकृत लागत अनुमान बमोजिम कार्यसम्पन्न गर्ने गरी मिति २०८२ बैशाख ३० गते सम्झौता भई निर्माण कार्य भई रहेकोमा वर्षा तथा कार्यव्यवस्तताको कारण निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुननसको र विद्यालय नवन्दा विद्यालयमा पठनपाठन नै प्रभावित भई विद्यार्थी व्यवस्थापनमा कठिनाई पर्ने कारण देखाई निर्माण कार्यको लागि म्याद थप गरिदिन , तथा सो निर्माण कार्यका लागि आवश्यक बजेटको समेत सुनिश्चित

मिति २०८१।०३।२२ गते

गरिदिन विद्यालय व्यवस्थानप समितिको मिति २०८२।०३।२२ गतेको निर्णय सहित विद्यालयले पेश गरको मिति २०८२।०३।२२ गतेमा प्राप्त पत्र तथा सोही सम्बन्धको ९ नं वडा कार्यालयको मिति २०८२।०३।२२ को सिफारिस समेतको आधारमा सो कार्यका लागि २०८२।०९।३० गते सम्म म्याद थप गरि कार्यसम्पादनको आधारमा भुक्तानी हुने गरि विद्यालयमा सो निर्माण कार्यको लागि विनियोजित बजेट विद्यालयको खातामा अनुदान निकासा गर्ने निर्णय गरियो ।